# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड १ ] काठमाडौं मार्ग २५ गते ०८ साल [संख्या १८

## भाग १

## श्री ५ तथा प्रधानमन्त्रीज्यूको विराटनगर प्रस्थानको सूचना

श्री ५ महाराजाधिराज पूर्वी तराईको निरीक्षण गर्नको निमित्त केही दिनको लागि आज बिहान ६॥ बजे सरकारी वायुयानद्वारा दलबलसहित विराटनगरतर्फ प्रस्थान गरिबक्सियो ।

श्री ५ को यात्राको सिलसिलामा माननीय प्रधानमन्त्री श्रीमातृकाप्रसाद कोइरालाज्यू सरकारी वायुयानद्वारा हिजो दिनको ३। बजे आफ्नो पार्टीको साथ विराटनगरतर्फ प्रस्थान गर्नुभयो । उहाँका साथमा माननीय स्वायत शासनमन्त्री नारदमुनि थुलुङ्ग र खाद्य उपमन्त्री श्री धर्मरत्न यमी पनि जानुभयो ।

यस उपलक्षमा हीरा र सुनको तोडासम्म सो सरहका जागीरदारहरूलाई गौचर हवाइ अड्डामा सामेल र त्यसदेखि मनिकालाई विदा थियो ।

—गृहमन्त्रालय

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।